# भाग ४

## श्री ५ को सरकार
## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

### प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालन (पहिलो संशोधन) नियमावली, २०४२

प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालन नियमावली, २०३६ लाई संशोधन गर्न वान्छनीय भएकोले,

प्राविधिक तथा व्यावसायिक शिक्षा समिति (गठन) आदेश, २०३६ को दफा १० (१) ले दिएको अधिकार प्रयोग गरी प्राविधिक तथा व्यावसायिक शिक्षा समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालन (पहिलो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालन नियमावली, २०३६ को नियम ८ मा संशोधन : प्राविधिक तथा व्यावसायिक शिक्षालय सञ्चालन नियमावली, २०३६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८. समितिबाट सञ्चालन हुने शिक्षालय : देहायबमोजिमका स्तरका शिक्षालय समितिबाट सञ्चालन हुनेछन् :–

(क) उच्च प्राविधिक शिक्षालय

(ख) प्राविधिक शिक्षालय (माध्यमिक तह)

(ग) प्रशिक्षण केन्द्र (प्रशिक्षण तह)"

३. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :–

"९. उच्च प्राविधिक शिक्षालयको व्यवस्था : (१) उच्च प्राविधिक स्तरका शिक्षालयमा पन्ध्र वर्ष उमेर पुगेको र समितिले तोकेबमोजिमको योग्यता भएकाहरूलाई मात्र भर्ना लिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

296

(२) प्राविधिकको प्रमाणपत्र, शिल्पीको प्रमाणपत्र र प्रशिक्षणको प्रमाणपत्र (टेक्निसियन सर्टिफिकेट, क्राफ्टस्म्यान सर्टिफिकेट एण्ड ट्रेनिङ सर्टिफिकेट) दिने गरी संस्थापित संस्थालाई प्राविधिक शिक्षालय (पोलिटेक्निक) वा प्रशिक्षण केन्द्र (ट्रेनिङ सेन्टर वा इन्ष्टिट्यूट) मानिनेछ ।

(३) समितिले तोकेबमोजिमको तालीम अवधि सफलताका साथ पूरा गर्नेहरूलाई यस्तो संस्थाले उप-नियम (२) मा उल्लिखित प्रमाणपत्रहरू दिनेछ।"

४. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

"१०. प्राविधिक शिक्षालयको व्यवस्था: (१) प्राविधिक स्तरका शिक्षालयमा पन्ध्र वर्ष उमेर पुगेका र समितिले तोकेबमोजिमको योग्यता भएकाहरूलाई भर्ना लिइनेछ ।

(२) शिल्पीको प्रमाणपत्र (क्राफ्टस्म्यान सर्टिफिकेट) र प्रशिक्षण प्रमाणपत्र (ट्रेनिङ सर्टिफिकेट) दिने संस्थालाई माध्यमिक प्राविधिक शिक्षालय मानिनेछ ।

(३) समितिले तोकेबमोजिमको तालीम अवधि सफलताका साथ पूरा गर्नेहरूलाई यस्तो संस्थाले उप-नियम (२) मा उल्लिखित प्रमाणपत्रहरू दिनेछ।"

५. मूल नियमावलीको नियम ११ मा संशोधन: मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः–

"११. प्रशिक्षण केन्द्रको व्यवस्था: (१) प्रशिक्षण स्तरको केन्द्रमा पन्ध्र वर्ष पुगेको र समितिले तोकेबमोजिमको योग्यता भएकाहरूलाई भर्ना लिइनेछ ।

(२) प्रशिक्षण प्रमाणपत्र (ट्रेनिङ सर्टिफिकेट) दिने संस्थालाई प्रशिक्षण केन्द्र (ट्रेनिङ सेन्टर) मानिनेछ ।

(३) समितिले तोकेबमोजिमको तालीम अवधि सफलतासाथ पूरा गर्नेहरूलाई यस्तो संस्थाले उप-नियम (२) मा उल्लिखित प्रमाणपत्र दिनेछ ।"

६. मूल नियमावलीको नियम १२ मा संशोधन: मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छः–

"१२ हाल सञ्चालित व्यावसायिक माध्यमिक विद्यालयले प्राविधिक प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था: विद्यालयको सञ्चालक समितिबाट प्रस्ताव पारित गरी सम्बन्धित जिल्ला शिक्षा अधिकारीबाट सहमतिसमेत प्राप्त गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९८

तत्कालीन व्यावसायिक माध्यमिक विद्यालयले कुनै खास व्यावसायिक विषयमा प्राविधिक प्रशिक्षण सञ्चालन गर्ने माग गरेमा समितिले विषय तोकी प्रशिक्षण सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।"

७. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को उप-नियम (१) मा रहेको "उच्च माध्यमिक वा माध्यमिक वा निम्न माध्यमिक स्तरको प्राविधिक शिक्षालय" भन्ने शब्दहरूको सट्टा "प्रशिक्षण स्तरको शिक्षण केन्द्र" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
डा. नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४२।२।१४ को निर्णयानुसार नेपाल वन सेवा, बोटनी समूह, वनस्पति विभाग, शाही वनस्पति उद्यान, गोदावरीको पदसंकेत नं. व. वनस्प. वि. ०८।७ का वैज्ञानिक अधिकृत श्रीमती प्रभा प्रधानलाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७. २ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।३।१० को निर्णयानुसार श्री टेकराज पन्तलाई नेपाल इन्जिनीयरिङ्ग सेवा, जियोलजी समूह, रा.प. तृतीय श्रेणीको पदमा १ वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी खानी तथा भू-गर्भ विभागमा रिक्त रहेको पदसंकेत उ।खा।भू।०७।२३ को माईनिङ्ग जियोलजिष्ट पदमा पदस्थापन गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।३।१० को निर्णयानुसार श्री रविन्द्रनाथ भट्टराईलाई नेपाल इन्जिनीयरिङ्ग सेवा, मेटालर्जिकल इन्जिनीयरिङ्ग समूह, रा.प. तृतीय श्रेणीको पदमा १ वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरी खानी तथा भू-गर्भ विभागमा रिक्त रहेको पदसंकेत उ।खा।भू।०७।४१ को मेटालर्जिष्ट पदमा पदस्थापन गरेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।